Date: 2nd September, 2021

To,
Employer:
Nepal Telecommunication Authority
Kathmandu

Contractor:
Subisu Cablenet Pvt. Ltd.
Baluwatar, Kathmandu

**Subject: ARBITRATION AWARD**

Dear Parties,

This is to inform you that this is the Award in connection to **"Residential Household ONT"** Dispute between **Nepal Telecommunication Authority, Kathmandu** ("Employer") and **SubisuCablenet Pvt. Ltd.** ("Contractor") in Connection with ***"Residential house hold ONT"***. The award awarded by the Arbitration Tribunal as per the Section 28 has been attached with this cover letter.

Thank You,
Sincerely,

Regd No.225863/076/077
DRC Nepal
Kathmandu-03, Maharajgunj

.......................................................
Dispute Resolution Center Nepal (DRCN)
Dhumbarahi, Akama Hotel-Kathmandu
nepaldrc@gmail.com

**CC:**
Mr. Uday Nepali Shrestha, Presiding Arbitrator
Mr. Sunil Kumar Dhungel, Arbitrator
Mr. Sanjeev Koirala, Arbitrator

# मध्यस्थ न्यायधिकरण (ट्राईवुनल)को निर्णय (AWARD)

**श्री उदय नेपाली श्रेष्ठ - मुख्य मध्यस्थ**

**श्री सुनिल ढुङ्गेल- मध्यस्थ**

**श्री संजीव कोइराला - मध्यस्थ**

**स्थानः- होटल अकामा धुम्बाराही, काठमाडौं नेपाल**

काठमाडौं जिल्ला काठमाडौ. महानगरपालिका वडा नं. ४ वालुवाटार स्थित सुबिसु केबल नेट प्रा.ली.को तर्फबाट अधिकार प्राप्त ऐ.ऐ.को प्रमूख कार्यकारी अधिकृत विनय मोहन साउद...........................................................................................१ **दावीकर्ता**

**विरुद्द**

का.जि.का.म.न.पा.वडा नं.१ कमलादीस्थित नेपाल दुरसंचार प्राधिकरण ......................१ **प्रत्यर्थी नियोक्ता**

**दावीकर्ताको तर्फवाट मुकरर विद्वान अधिवक्ता र विशेषज्ञहरु :**

| | | |
|---|---|---|
| १. | विनय मोहन साउद | प्रतिनिधि |
| २. | सुदिप कुमार गौतम | प्रतिनिधि |
| ३. | जयलाल भण्डारी | अधिवक्ता |
| ४. | अशांकन बहादुर मल्ल | अधिवक्ता |
| ५. | जसमिन भण्डारी | अधिवक्ता |
| ६. | संरक्षण घिमिरे | अधिवक्ता |
| ७. | समिर शर्मा | अधिवक्ता |

# मध्यस्थ न्यायधिकरण (ट्राईवुनल)को निर्णय (AWARD)

**श्री उदय नेपाली श्रेष्ठ - मुख्य मध्यस्थ**

**श्री सुनिल ढुङ्गेल- मध्यस्थ**

**श्री संजीव कोइराला - मध्यस्थ**

**स्थानः- होटल अकामा धुम्बाराही, काठमाडौं नेपाल**

काठमाडौं जिल्ला काठमाडौ. महानगरपालिका वडा नं. ४ वालुवाटार स्थित सुबिसु केबल नेट प्रा.ली.को तर्फबाट अधिकार प्राप्त ऐ.ऐ.को प्रमूख कार्यकारी अधिकृत विनय मोहन साउद.......................................................................................................१ **दावीकर्ता**

**विरुद्द**

का.जि.का.म.न.पा.वडा नं.१ कमलादीस्थित नेपाल दुरसंचार प्राधिकरण ......................१ **प्रत्यर्थी नियोक्ता**

**दावीकर्ताको तर्फवाट मुकरर विद्वान अधिवक्ता र विशेषज्ञहरु :**

| | | |
|---|---|---|
| १. | विनय मोहन साउद | प्रतिनिधि |
| २. | सुदिप कुमार गौतम | प्रतिनिधि |
| ३. | जयलाल भण्डारी | अधिवक्ता |
| ४. | अशांकन बहादुर मल्ल | अधिवक्ता |
| ५. | जसमिन भण्डारी | अधिवक्ता |
| ६. | संरक्षण घिमिरे | अधिवक्ता |
| ७. | समिर शर्मा | अधिवक्ता |

**प्रत्यर्थीको तर्फवाट मुकरर विद्वान अधिवक्ता र विशेषज्ञहरु :**

| | | |
|---|---|---|
| १. | रेवतीराम पन्थ | कानून विभाग प्रमूख (अधिवक्ता) |
| २. | बिनोद चन्द्र श्रेष्ठ | आधिकारिक प्रतिनिधि उप निर्देशक, ग्रामिण दुरसंचार विभाग |
| ३. | बुनु घिमिरे | अधिवक्ता |

१. **विवादको विषय :-**

सुविसु केवल नेटवर्क प्रा.लि. र नेपाल दुर संचार प्राधिकरण बिच २०१७ अक्टोवर १७ मा सम्पन्न IFA No. 05/NTA/2073/74 को सम्झौता अन्तर्गत *Package A* र *Package B* को कार्यन्वयनका सम्वन्धमा उठेको म्याद थप, भुक्तानी र क्षतीपुर्ति सम्वन्धी विवाद ।

२. **मध्यस्थको ट्राइबुनलको गठन प्रकृया यस प्रकार रहेको छ :-**

दावीकर्ताका तर्फबाट मिति २०७७।८।१२ मा इन्जिनियर श्री सन्जीव कोईरालालाई र प्रत्यर्थीको तर्फबाट मिति २०७७।९।१६ मा श्री सूनिल ढुंगेललाई मध्यस्थ नियूक्ति गरेको र दुवै पक्षबाट नियुक्त मध्यस्थहरुबाट मिति २०७७।०९।१८ मा श्री उदय नेपाली श्रेष्ठलाई मुख्य मध्यस्थ नियूक्त गरी सोको जानकारी दुवै पक्षहरुलाई दिई नियुक्त मध्यस्थहरुबाट दुवै पक्षको रोहवरमा सपथ ग्रहण गरी उक्त सपथको एक प्रति मिसिल साथ राखी अर्को प्रति उच्च अदालत पाटनमा पठाई कानून बमोजिम मध्यस्थताको कारवाही प्रकृया अगाडी बढाइएको ।

३. **मध्यस्थको क्षेत्राधिकारः-**

दुवै पक्षहरुको आपसी सहमतिमा मध्यस्थहरु नियूक्ती भई नियुक्त मध्यस्थहरुबाट मूख्य मध्यस्थको छनोट (नियुक्ति) गरी मध्यस्थको गठन भएको अवस्थामा गठित मध्यस्थतबाट कानून बमोजिम काम कारवाही अघि बढाइएको साथै मध्यस्थ समक्ष पेश भएको विवादको निरोपण गर्ने क्षेत्राधिकार प्रस्तुत मध्यस्थलाई नरहेको भनि पक्षहरुबाट दावी नभएको अवस्थामा मध्यस्थ समक्ष पेश भएको विवाद निरोपण गर्ने क्षेत्राधिकार प्रस्तुत मध्यस्थ (ट्राइबुनल)लाई रहेको हुदाँ क्षेत्राधिकार ग्रहण गरी मध्यस्थको प्रकृया बढाई निर्णय (Award) दिने कार्य भएको छ ।

४. **मध्यस्थ ट्राइबुनलबाट सुनुवाई र बैठक भएको मितिः**

प्रारम्भिक बैठक (Preliminary Meeting) मितिः १२ जनवरी २०२१ (तदनुसार पौष २८, २०७७)

दोश्रो सुनुवाई मितिः ८ अप्रील २०२१ (तदनुसार चैत्र २६, २०७७)

तेश्रो सुनुवाई मितिः २२ जुन २०२१ (तदनुसार असार ८, २०७८)

चौथो सुनुवाईको रुपमा साइट भिजिट (निर्माण स्थलको भ्रमण) मिति : १२ जुलाई, २०२१ ( तदनुसार असार २८, २०७८)

५. **प्रस्तुत विवादको संक्षिप्त विवरणः**

(क) का.जि.का.म.न.पा. वडा नं. ४ वालुवाटार स्थित सुबिसु केबल नेट प्रा.ली. कार्यालय ( यस पछि "दावीकर्ता" भनी संवोधन गरिएको)-१ र का.जि.का.म.न.पा. वडा नं.१ कमलादी स्थित नेपाल दुरसंचार प्राधिकरण (यस पछि "प्रत्यर्थी" भनी संवोधन गरिएको)-१ समेतका विचमा प्रदेश नं. २ का ग्रामिण क्षेत्रमा *Package A* अन्तर्गत सिराहा, सप्तरी, धनुषा, महोत्तरी र *Package B* अर्न्तगत बारा, पर्सा, रौतहट, सर्लाहीमा Optical Broadband Network को निर्माण तथा इन्टरनेट विस्तारको परियोजना संचालन गर्ने सम्वन्धमा मिति २०७४।६।३१ तदनुरुप १७ अक्टुबर २०१७ मा करार/सम्झौता सम्पन्न भएको ।

(ख) सम्झौता अनुसारको *Package A* अर्न्तगत NTA बाट प्रस्ताव गरेको अनुमानित लागत पचासी करोडमा दावीकर्ताले (सुबिसु) रु. ४१,९३,०३,६५०।- मा परियोजनाको कार्य सम्पन्न गर्ने प्रस्ताव गरेकोमा सो रकममा समेत २५ प्रतिशत छुट गरी जम्मा रु. ३१,४४,७७,७३७.५०।- मा उक्त कार्य सम्पन्न गर्नुका साथै सोही परियोजना अन्तर्गत प्रत्येक घर धुरीमा इन्टरनेट जोड्ने कार्य वापत प्रति घरधुरी रु.६४०० ।- प्रस्ताव गरेकोमा सो कार्यमा पनि २५ प्रतिशत छुट गरी जम्मा रु. ४८००।- मा सो कार्य सम्पन्न गर्ने गरी प्रस्ताव गरिएको दावीकर्ताको प्रस्ताव सारभुत रुपमा न्यूनतम मुल्याङ्कीत एवं सारभुत रुपमा प्रभावग्राहि भई IFA NOS/NTA/ 2073/2074 अन्तर्गत सम्झौता भएको र *Package B* अन्तर्गत NTA बाट प्रस्ताव गरेको अनुमानित लागत ८२,००,००,०००।- पेश गरेकोमा दावीकर्ताले उक्त कार्य रु.४०,४७,३२,३५० ।- मा सम्पन्न गर्ने प्रस्ताव पेश गरेकोमा सो मुल्यमा समेत ५ प्रतिशत छुट गरी ३८४४९५७३२.५०।- मा उक्त कार्य सम्पन्न गर्ने र प्रत्येक घर धुरीमा इन्टरनेट जोडने कार्य वापत प्रति घरधुरी रु.६४००।- प्रस्ताव गरेकोमा सो कार्यमा पनि ५ प्रतिशत छुट गरी जम्मा रु. ६०८०।- मा सम्पन्न गर्ने प्रस्ताव गरेकोमा सो प्रस्तावहरुमा प्रत्यर्थी सहमत भई IFA NOS/NTA/ 2073/2074 अन्तर्गत सम्झौता भएको ।

(ग) सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गर्नु पर्ने अवधि १ वर्ष रहेकोमा भिषण हावाहुरी र वर्षा यामको कारणले ३ महिनासम्म कार्य संचालन हुन नसकेको तथा विश्वभर

महामारीको रुपमा फैलिएको कोभिड-१९ लगायत काबु बाहिरको परिस्थितिको सृजना भएका कारण समयावधी भित्र सम्झौतानुसारको कार्य सम्पन्न गर्न असमर्थ रहदाँ सम्झौताको अवधि थप गरिपाउँनका लागी मिति २०७७।०२।१८ मा निवेदन पेश गरेता पनि नियोक्ताबाट म्याद थप नगरिदिएको र *ONT* जडान गर्ने इन्टरनेट प्वाईन्टको कार्य सम्पन्न भईसकेको अवस्थामा इन्टरनेट जडान गर्दा लागेको अतिरिक्त खर्च साथै प्रत्येक प्वाईन्ट वापतको न्यूनतम रकम समेत नदिई *ONT* को कार्य न्युन रुपमा भएकोले अनुदान वापतको रकम दिन समेत प्रत्यर्थीले ईन्कार गरेको अवस्थामा सम्झौताबाट विवाद उत्पन्न भएको देखिन्छ ।

६. **दावीकर्ताको माग दावीको संक्षिप्त ब्यहोराः**

(क) उक्त परियोजना *Package A* अन्तर्गतको दावी २३३१५ *ONT* जडान गरे वापत *NTA* बाट प्राप्त गर्नुपर्ने रकम रु. ११,१९,१२,०००।- र ३१८६८५ इन्टरनेट प्वाइन्टको लागी *ONT* जडानको म्याद थप नहुँदा यस प्रा.ली.ले व्यहोर्नु परेको नोक्सानी एवं सोको क्षतिपुर्ती वापत जडान हुन बाँकी प्रति *ONT* को रु. १००० का दरले प्राप्त हुनुपर्ने रकम रु. ३१,८६,८५,०००।-

(ख) भुक्तानी ढिलाई गरेवापत *SCC* को 6.2 बमोजिम ५ प्रतिशत व्याजको दरले हुन आउने रकम रु. ५५,९५,६००।-

(ग) उक्त परियोजना *Package B* अन्तर्गतको दावी २८९९५ ONT जडान गरे वापत NTA बाट पाउनुपर्ने रकम रु. १७,६२,८९,६००।- र २९९००५ इन्टरनेट प्वाईन्टको लागी *ONT* जडानको म्याद थप नहुँदा यस प्रा.ली.ले व्यहोर्नु परेको नोक्सान एवं त्यसको क्षतिपुर्ति वापत प्रति ONT को रु.१००० का दरले प्राप्त हुनपर्ने रकम रु.२९,९०,०५,०००।-

(घ) भुक्तानी ढिलाई गरेवापत SCC को 6.2 बमोजिम ५ प्रतिशत व्याजको दरले हुन आउने रकम रु.८८,१४,४८०।-

(ङ) दावीकर्ताले सम्झौता बमोजिम *ONT* जडान गरे वापतको रकम भुक्तानी गर्न विपक्षीलाई पटक पटक अनुरोध गरी पत्राचार गरिएको ।

(च) हावाहुरी, विश्वब्यापि महामारीको रुपमा फैलिएको कोभिड १९ एवं काबु बाहिरको परिस्थितको सृजना भई परियोजना प्रभावित हुन पुगको समयावधी थप गरि पाउँन निवेदन दिएकोमा विपक्षी नियोक्ताबाट सुनुवाई नभएको हुदाँ सम्झौताको शर्त बमोजिम मध्यस्थता समक्ष विवाद पेश गर्नुपरेको हुदाँ मध्यस्थ सम्वद्ध खर्च, अफिसियल खर्च एवं

कानूनी उपचार समेत वापत लाग्ने खर्च जम्मा रु. १५,००,०००।- विपक्षीबाट दिलाई भराई पाउँ ।

मथि विभिन्न प्रकरणमा उल्लेखित रकम प्रत्यर्थिले दिनुपर्ने तथ्य स्थापीत हुने हुँदा उल्लेखित जम्मा रकम रु. ९२,१८,०१,६८०।- दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको दावीपत्र ।

७. **दावीकर्ताले दावीमा लिएको कानूनी आधार र पेश भएको प्रमाण :**

(क) तत्कालिन करार ऐन, २०५६

(ख) मुलुकी देवानी संहिता, २०७४ को करारको परिपालना सम्वन्धी व्यवस्था

(ग) मध्यस्थता ऐन, २०५५

(घ) प्रमाण ऐन, २०३१

(ङ) १७ अक्टुबर २०१७ को करार सम्झौता (IFA No 05/ NTA / 2073 / 2074-Package A and Package B) र सो संग सम्वन्धित अन्य कागजात

(च) दुवै पक्ष बिच भएका पत्राचार आदी

८. **प्रत्यर्थी / नियोक्ताले पेश गरेको प्रतिबादको सारसंक्षेप :**

(क) निज दावीकर्तासंग भएको उपरोक्त सम्झौतामा परियोजना क्षेत्रमा इन्टरनेट सेवा जडान तथा संचालनका लागी ONT(Optical Network Terminal) मा दावीकर्ताले माग गरे अनुसार कुनै पनि अनुदान दिने व्यवस्था नभएकोले Residental Household ONT जडान वापतको रकम र सन् २०१७ अक्टोबर १७ मा भएको सम्झौता अनुसार परियोजना क्षेत्रमा इन्टरनेट सेवा जडान तथा संचालनका लागी Residental Household ONT मा कुनै पनि प्रकारको अनुदान दिने व्यवस्था नभएकोले दावीकर्ताबाट दावी गरेको अनुदानको रकम भुक्तानी गर्नुपर्ने होईन ।

(ख) दावीकर्ताले दावीको प्रकरण नं. ५ मा इन्टरनेट प्वाईन्ट जडान गर्दा लागेको अतिरिक्त शुल्क खर्च समेत दावी गर्न नमिल्ने हुँदा उक्त माग बमोजिम भुक्तानी गर्नु नपर्ने ।

(ग) मिति २०१७ अक्टोबर १७ मा सम्झौता हुँदा उक्त परियोजना सम्पूर्ण कार्य सम्पन्न गर्न निर्धारित समयावधी १२ महिना रहेकोमा विभिन्न समयमा १२ महिना म्याद थप गरेको तथ्यलाई लुकाई गलत तथ्यको आधारमा समयावधी थप नभएको कारणले हानी नोक्सानी भएको भनि सोको क्षतिपूर्ति माग गरेको व्यहोरा आफैमा खण्डीत छ ।

(घ) निज दावीकर्ता र प्राधिकरणसंग भएको सम्झौता अनुसार उक्त परियोजनाको कार्य सम्पन्न भएपश्चात Contract Negotiation मा भएको तालिका अनुसार सम्पूर्ण रकम

भुक्तानी गरी Advance Payment Guarantee (APG) र Performance Guarantee समेत फुकुवा भईसकेको हुँदा यस NTA ले दावीकर्तालाई कुनैपनि रकम भुक्तानी दिन बाँकी नरहेकोले प्रत्यर्थी प्राधिकरणले आफ्नो करारीय दायित्व पुरा गरेको छ ।

(ङ) दावीकर्ताले सम्झौतामा हुँदै नभएको व्यवस्था अनुसार Residental Household ONT जडान वापत तथा सोसंग सम्बन्धीत अन्य भुक्तानी दिनु पर्ने भनि सम्झौता विपरित माग दावी गरेको देखिंदा दावीकर्ताले माग गरेनुसारको रकम प्राधिकरणले दिन आवश्यक नरहेको भन्ने समेत व्यहोराको प्रतिबाद रहेको ।

९. **प्रत्यर्थीको प्रतिवाद र प्रतिदावीका सम्वन्धमा दावीकर्ताले पेश गरेको प्रत्युक्तिको सारसंक्षेप :**

(क) प्रत्यर्थीको लिखित प्रतिबाद र प्रतिदावी पत्रको प्रकरण नं.४१ मा परियोजनाको कार्य सम्पन्न गर्नुपर्ने निर्धारित समय १२ महिना रहेको र पटक पटक गरी १२ महिना समय थप गरेको उल्लेख छ । जबकी General Condition of Contract -G.C.C_ को बुँदा नं. 6.2(v) मा Residental Household ONT जडान गर्ने र अनुदान भुक्तानी गर्ने समय ३६ महिना तोकिएको छ । हावाहुरी र कोभिड १९ को कारणले काबु बाहिरको परिस्थितिको सृजना भई म्याद थपको लागी पत्राचार गरेकोमा म्याद थप नगरेको कारणले पर्याप्त मात्रामा उल्लेखित शर्त अनुसार ONT जडान गर्न नसकेकोले दावीकर्तालाई हानी नोक्सानी भएकोले दावी पत्रमा तोकेको क्षतिपुर्ति रकम माग गरेको हो ।

(ख) विवाद उत्पन्न भएमा माथी उल्लेखित शर्त अनुसार सम्झौताको शर्त नं. २ को आधारमा प्राथमिकता प्रदान गर्ने शर्त राखिएको छ । साथै विपक्षी NTA ले पेश गरेको लिखित प्रतिवादको प्रकरण नं. ३ तथा ४ मा Residential Household ONT जडान वापतको अनुदान दिन नपर्ने Minute of Meeting मा शर्त उल्लेख नभएकोले दावी अनुसारको रकम भुक्तानी गर्नु नपर्ने जिकिर लिएको छ । जवकी G.C.C को बुँदा नं. 6.2(v) तथा Pre Bid Meeting बाट समेत Residential Household ONT जडान गरे वापत अनुदान दिनु पर्ने कुरा स्वयं NTA ले नै Letter of Clarification पत्रमा समेत उल्लेख गरी स्विकारेको अवस्था छ । मूल सम्झौतामा नै ONT जडान वापत अनुदान दिने विषय उल्लेख भएको छ भने NTA को २०७७।३।१५ को पत्र

समेतले ONT जडान वापतको रकम भुक्तानी दिनुपर्ने तथ्य स्वयंसिद्ध रुपमा प्रमाणीत हुन आउँछ ।

(ग) Special Condition of Contract र G.C.C को बुँदा नं. 6.2(v) मा ONT को व्यवस्था रहेको र सो कार्यको भुक्तानीको लागी विभिन्न समयमा फरक फरक पत्रहरु मार्फत सम्पर्क राखी माग गर्दा विभिन्न बहाना पारी कहिले दिनै नपर्ने त कहिले प्याकेज वाईज आवश्यक कागजातहरु सहित सोधभर्नाको लागि आवेदन दिनुपर्ने साथै NTA को निर्देशन अनुसार सो आवेदन समेत दिईएको हो । उक्त रकम विपक्षीले तिर्नु पर्ने हुँदा सोही वमोजिम गरीपाउँ भनि प्रत्यूक्ती पत्र समेत परेको ।

१०. दावीकर्ताका तर्फवाट प्रतिनिधी बिनय मोहन साउद र सुदिप कुमार गौतम एबँ विद्वान अधिवक्तद्धय जयलाल भण्डारी, अशांकन बहादुर मल्ल, जसमिन भण्डारी, संरक्षण घिमिरे, समिर शर्मा, समेतले मध्यस्थ न्यायधिकरण (ट्राईवुनल) समक्ष उपस्थित भई दावी वमोजिमको रकम दिलाई भराई पाउँ भनी वहस पैरवी गर्नुभयो भने प्रत्यर्थीका तर्फवाट उपस्थित प्रतिनिधि कानुन विभाग प्रमुख एवं विद्वान अधिवक्ता,रेवतीराम पन्थ, उप निर्देशक विनोद चन्द्र श्रेष्ठ र अधिवक्ता बुनु घिमिरेले दावीपत्र खारेज गरी लिखित प्रतिबाद वमोजिम होस भनी वहस प्रस्तुत गर्नुभयो ।

११. **मध्यस्थ ट्राईवुनलले निर्णय (Award) दिनुपर्ने बिषयहरु :**

प्रस्तुत विवादको मिसिल सम्वद्ध कागजातहरु; दावीपत्र, प्रतिबाद, प्रत्युक्ति तथा दुवै पक्षका कानून व्यवशायीहरुको वहस समेत सुनी दुबै पक्षका कानुन व्यबशायीहरुद्वारा पेश भएको लिखित बहशनोट, मिसिल संलग्न सम्झौता लगायतका कागज प्रमाणहरुको बिश्लेषणात्मक अध्ययन र निर्माणस्थलको भ्रमण (Site Visit) समेत गर्दा देहायका मुलभुत विषयहरुमा विवेचना गरी मध्यस्थ ट्राईवुनलले निर्णय (Award) दिनुपर्ने भएको छ :

**(I) दावीकर्ताले लिएको दावी-*Package A* का सम्बन्धमा :-**

(अ) २३३१५ इन्टरनेट प्वाइन्टको लागी ONT जडान गरे वापत प्राधिकरणबाट भुक्तानी पाउनुपर्ने रकम रु. ११,१९,१२,०००।- दावीकर्ताले प्रत्यर्थिबाट भराई पाउने हो वा होईन ?

(आ) दाविकर्ताले लिएको दावी ३,१८,६८५ इन्टरनेट प्वाइन्टको लागी ONT जडान गर्ने म्याद थप नभएको कारणबाट दावीकर्ताले व्यहोर्नुपरेको घाटा वापत प्रति ONT रु.१०००।- का दरले क्षतिपूर्तिको रकम रु.३१,८६,८५,०००।- प्रत्यर्थीले दावीकर्तालाई तिर्नुपर्ने हो वा होईन ?

(इ) दाविकर्ताले लिएको उपर्युक्त दावी बमोजिम रकम भुक्तानी गर्न ढिलाई गरे वापत SCC को प्रकरण नं. ६.२ बमोजिम ५ प्रतिशत व्याजको दरले हुन आउने रु.५५,९५,६००।- प्रत्यर्थीबाट दावीकर्ताले भराई पाउने हो वा होईन ?

(ई) दावीकर्ताले दावी लिए अनुसार कानून व्यवशायी, मध्यस्थ सम्वद्ध खर्च प्रत्यर्थीवाट भराई पाउने हो वा होईन ?

**(II) दावीकर्ताले लिएको दावी- *Package B* का सम्बन्धमा :-**

(अ) २८,९९५ इन्टरनेट प्वाईन्टको लागी ONT जडान गरे वापत प्राधिकरणबाट भुक्तानी पाउनुपर्ने रकम रु. १७,६२,८९,६००।- प्रत्यर्थीले दावीकर्तालाई तिर्नुपर्ने हो वा होईन ?

(आ) दावीकर्ताले लिएको दावी २,९९,००५ इन्टरनेट प्वाइन्टको लागी ONT जडान गर्ने म्याद थप नभएको कारणबाट दावीकर्ताले व्यहोर्नुपरेको नोक्सान प्रति ONT को रु.१०००।- का दरले हुन आउने क्षतिपूर्तिको रकम रु.२९,९०,०५,०००।- प्रत्यर्थीले दावीकर्तालाई तिर्नुपर्ने हो वा होईन ?

(इ) दाविकर्ताले लिएको दावी बमोजिम रकम भुक्तानी गर्न ढिलाई गरे वापत SCC को प्रकरण नं. ६.२ बमोजिम ५ प्रतिशत व्याजको दरले हुन आउने रु. ८८,१४,४८०।- प्रत्यर्थीले दावीकर्तालाई तिर्नुपर्ने हो वा होईन ?

(ई) दावीकर्ताले दावी लिए अनुसार कानून व्यवशायी, मध्यस्थ सम्वद्ध खर्च प्रत्यर्थीवाट भराई पाउने हो वा होईन ?

## १२. मध्यस्थको विश्लेषण र निष्कर्ष (Analysis and Conclusion)

माथी उल्लेखित निर्णय गर्नुपर्ने बिषयहरुका सम्बन्धमा दावीकर्ताको दावी, प्रत्यर्थिको प्रतिबाद, दावीकर्ताको प्रत्युक्ती, सम्भौता लगायत मिसिल संलग्न कागजातहरु तथा प्रचलित कानूनी व्यवस्था साथै,व्यवहारीक मुल्य मान्यता एवं सिद्धान्त समेतको अध्ययनको आधारमा ट्राइबुनल निम्नानुसार निष्कर्षमा पुगेको छ ।

**(I) दावीकर्ताले लिएको दावीको *Package A* अन्तर्गतको दावी सम्बन्धमाः-**

**(अ) दावीकर्ता कम्पनीले २३,३१५ ONT जडान गरे वापत प्रधिकरणबाट माग गरिएको रकम रु.११,१९,१२,०००।- भुक्तानी सम्बन्धमाः**

क) दावीकर्ताले २३३१५ ONT जडान गरे वापत प्रधिकरणबाट माग गरिएको रकम रु.११,१९,१२,०००।- भुक्तानी माग गरेको र प्रत्यर्थि प्राधिकरणले आफ्नो प्रतिवाद, बहसनोट एवं छलफलको कममा समेत दावीकर्ताले कानून र सम्भौता विपरित ONT जडानको रकम माग गरेको हुँदा खारेज गरिपाउँ भन्ने जिकिर

लिएतापनि सम्झौतामा GCC को प्रकरण नं. 6.2 (V) मा ONT जडान गर्ने र त्यस वापतको रकम भुक्तानी गर्नुपर्ने सम्बन्धमा सम्झौतामा स्पष्ट उल्लेख गरेको देखिन्छ । करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको आ-आफ्नो दायित्व पूरा गर्नुपर्नेछ भन्ने करार सम्वन्धी आधारभुत सिद्धान्त हो । प्रस्तुत कराारिय विवादमा Agreement must be honoured भन्ने मान्य सिद्धान्त समेतका आधारमा सम्झौता पालना गर्नु दुवै पक्षको कर्तव्य हुन आउँछ ।

ख) सम्झौताको अभिन्न अगं SCC र GCC को प्रकरण नं. 6.2(v) मा ONT वापतको रकम Subsidy को रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा प्रदेश नं. २ मा तत्कालित अवस्थामा आएको भिषण हावाहुरी र वर्षाको कारणले ONT जडान कार्य प्रभावित भएको र विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ साथै काबुबाहिरको परिस्थितिको कारण सम्झौतानुसारको कार्यमा प्रभावित हुन गएको अवस्थामा उक्त प्रभावित समयको म्याद थपको लागी दावीकर्ताबाट पत्राचार गरेकोमा प्राधिकरणले म्याद थप नगरिदिएको अवस्था देखिन्छ । काबू बाहिरको परिस्थितिका साथैं अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकारप्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्नेछ भन्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा व्यवस्था छ भने म्याद थपको लागी खुलाइएको कारण मनासिब देखिएमा सो को कारण खुलाई म्याद थप गर्न सक्नेछ भन्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा रहेको छ । सम्झौताको अवधि थप गर्ने मनासिव कारण भएमा म्याद थप गरि सम्झौतानुसारको कार्य सम्पन्न गर्न नियोक्ताले सुविधा दिन पर्नेमा सो नगरेको अवस्था आफैमा न्याय, सद्धविवेक, समन्याय *(Justice, Equity and Good Conscience*) को प्रयोग भएको देखिएन । प्रस्तुत विवादमा काबु बाहिरको परिस्थितिको सृजना भई लक्ष्य अनुसार Residential Household ONT जडान गर्न नसकेको अवस्थामा मनासिब आधार कारण सहित म्याद थपका लागी निवेदन गर्दा समेत म्याद थप गरि सम्झौतानुसारको कार्य सम्पन्न गर्ने तदारुकता नदेखाएको अवस्थामा सोको कारणबाट दावीकर्तालाई पुग्न गएको आर्थीक हानी नोक्सानी एवं सोको क्षतिपूर्ति समेत माग गर्नु प्रचलित कानून एवं सम्झौताको व्यवस्था बमोजिम नै रहेको देखिन्छ ।

ग) सम्झौताको GCC को प्रकरण नं. 6.2(v) मा ONT को कामका सम्बन्धमा अनुदान दिने बारे स्पष्ट उल्लेख भएकोमा Broadband वापतको रकम मात्र उपलब्ध गराएको प्रमाण कागजबाट प्रमाणित हुन्छ । ONT जडान सम्बन्धमा ३६ महिनाको अवधि तोकेकोमा GCC को प्रकरण नं. 2.5 को अवस्था उत्पन्न भई काबु वाहिरको परिस्थिती परी करारको परिपालना गर्न असमर्थ भई म्याद थपको लागी अनुरोध गर्दा समेत म्याद थप थप नगरेको अवस्थालाई मनासिव मान्न मिलेन ।

घ) मुलुकी देवानी संहिता २०७४ को दफा ५३२ मा करार परिपालनाका सम्बन्धमा करारको पक्षले सुविधा दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ भने मुलुकी ऐन, सार्वजनिक खरिद ऐन, सार्वजनिक नियमावली तथा अन्य प्रचलित कानूनले समेत Force Majeure सम्वन्धि मान्य सिद्धान्तलाई अगिंकार गरेको अवस्थामा नियोक्ताबाट लिइएको प्रतिवाद एवं जिकिरलाई मनासिव मान्न सकिएन ।

ङ) कुनै पनि सम्झौताकर्ताले सामान्य अवस्थामा सम्झौता गर्दा सामान्य अवस्था कायमै रहला भन्ने विश्वासमा परि सम्झौता गर्दछ भन्ने सम्झौताको आधारभुत सिद्धान्त हो । सम्झौता गर्दाका बखत करारको पक्षले पुर्वानुमान गर्न नसकेको घटना सम्झौता कार्यान्वयनको सिलसिलामा देखापर्छ भने सो अवस्थाका कारण सम्झौता परिपालना असम्भव भएको बिषय करार सम्झौताको पक्षले पुर्नविचार गर्नै पर्ने हुन्छ किनकि काबु बाहिरको परिस्थिति न कुनै पक्षको कारण उत्पन्न हुन्छ न त कसैले चाहदैमा नियन्त्रण नै हुन्छ ।

च) कोभिड १९ को उत्पत्ति पछि सोले विश्वभर पारेको प्रभावको बिषयलाई संसारभर बडो गंभिरतापूर्वक लिएको अवस्था छ । नेपालको सर्वोच्च अदालतबाट उक्त काबु बाहिरको परिस्थितिलाई शुन्य समय समेत घोषित गरेको अवस्था थियो । अन्य देशले समेत विभिन्न आज्ञा आदेश कानून एवं अदालती ब्याख्याकृ माध्यमबाट Outbreak of COVID-19 pandemic and subsequent lockdown, prohibitory order was completely beyond the reasonable control of the Contractor and qualifies as an unforeseeable special circumstance under the Contract. भनि सम्झौताको क्षेत्रमा पारेको अवस्थालाई समेत मध्यनजर गरी उक्त महामारीलाई संवोधन गरेको अवस्था छ ।

छ) बाणिज्य विधिशास्त्रमा सम्झौता गर्दाको परिस्थितिमा आधारभुत परिवर्तन Doctrine of changed circumstances (*clausula rebus sic stantibus*) लाई सर्वस्वीकार्य सिद्धान्तको रुपमा लिएको पाइन्छ जसलाई प्रस्तुत मुद्दामा समेत अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ज) नियोक्ता प्राधिकरण स्वयं आफैले RFA को Clarification (IFA No.05/NTA /2073/74) मा As per RFA, NTA will provide subsidy as per ONT; the SLO can claim its subsidy once after every 30,000 subscriber and we think this number is too huge and recomended to reduce the number upto 1000 भन्ने Queries मा NTA will provide subsidy as per ONT; the SLO can claim its subsidy once after every 5000 subscriber भनि NTA ले निर्दिष्ट (Confirm) गरेको ONT दावीकर्ताले जोडनुपर्ने प्रतिबद्धता र वाध्यता समेतको आधारमा दुवैपक्ष विच व्यवहार, आचरण एवं लिखित रुपमा समेत स्वीकार गरेको बिषय र सोही आधारमा प्रतिफल समेत प्राप्त गरेको अवस्थामा विवाद उत्पन्न भएपश्चात ONT सम्बन्धी कुनै व्यवस्था नै छैन भन्नुबाट प्रत्यर्थि NTA आफ्नै भनाई र लेखाईबाट समेत विवन्धित रहने बिषय स्पष्ट छ ।

झ) दावीकर्ताले पेश गरेको दावी र नियोक्ताबाट पेश गरेको प्रतिवाद, सम्झौता र विशेष गरी GCC को प्रकरण नं. 6.2(v) मा पुरा भएको ब्रान्ड ब्यान्ड नेटवर्क कनेक्टिभिटीको अनुदान, भुक्तानी र ONT सम्वद्ध अनुदान सम्वद्ध रहेको र सो बिषयमा सम्झौताका दुवै पक्षहरु विच भएको पत्राचार एवं निर्णय समेतले पुष्टि गरेको अवस्था छ । मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा RFA को GCC को प्रकरण नं. 6.2 सम्वन्धमा स्पष्टिकण सहितको संसोधन साथै पुरक सम्झौता सरह देखिन आउछ किनकि SCC को प्रकरण नं. 6.2 ले SLO लाई अनुदान भुक्तानीको शर्तहरुलाई अझ बढी स्पष्ट र परिमार्जन गरेको र GCC को प्रकरण नं. 6.2 लाई हटाईएको वा प्रतिस्थापन गरेको भन्ने देखिन आउदैन । त्यसैले यसलाई पुरक स्पष्टिकरण पेश गरेको पर्याप्त आधार देखिएको साथै GCC को खण्डलाई प्रतिस्थापन नगरेको मान्न मनासिव देखिन आयो ।

ञ) दावीकर्ता एवं नियोक्ता विच भएका पत्राचारहरु, निर्णयहरु जस्तै १७ अगष्ट, २०१७, १६ अक्टुवर, २०१७ बाट समेत ONT Subsidy स्वीकार गरेको देखिदाँ

ONT सम्वन्धित SLO को अनुवन्धात्मक दायित्वको एक हिस्सा भएको र उक्त हिस्सा सम्झौताको बाध्यात्मक व्यवस्थाकै रुपमा लिन पर्ने देखिन आयो ।

ट) कुनै बिषय स्वीकार गर्ने सम्वन्धमा सार्वजनिक निकायबाट लिखित एवं आचरणबाट पुष्टि हुने अवस्था आएमा एकातर्फ सो कार्यबाट उक्त निकाय विवन्धित रहन्छ भने अर्कोतर्फ सोही आधारमा अर्कोपक्षले सार्वजनिक निकायबाट भए गरेको काम व्यवहार आचरण एवं लिखत अनुसार स्वीकार गरेको बिषयमा सोही बमोजिमको निरन्तरता हुने वैद्य अपेक्षा राखि आफ्नो व्यवहार कारोवार नियमित गरेको हुन्छ । सो सम्बन्धमा ने.का.प. २०७२ अकं १० नि.नं. ९२६० मा वैध अपेक्षा (Legitimate Expectations) को सिद्धान्त आकर्षित हुन सामान्यतया सार्वजनिक निकाय वा पदाधिकारीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट कुनै काम गर्ने वा नगर्ने वचनबद्धता वा आश्वासन लिखित वा मौखिकरूपमा व्यक्त गरेको हुनुपर्दछ । त्यस्तो आश्वासन वा वचनबद्धताप्रति सार्वजनिक पदाधिकारी वा निकाय प्रतिबद्ध रहने छ भन्ने कुरामा सम्बन्धित पक्ष विश्वस्त भै सोबमोजिम कार्य गरेको हुनुपर्ने भनि सर्वोच्च अदालतबाट समेत सिद्धान्त प्रतिपादन भएको छ । यसै परिप्रेक्ष्यमा नियोक्ताको पत्राचार लिखत एवं आचरणबाट विश्वस्त भई दावीकर्ताबाट सोही बमोजिम भए गरेको कार्यलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ठ) वैध अपेक्षाको सिद्धान्तलाई न्यायिक एवं अर्धन्यायिक निकायले ब्यापक रुपमा प्रयोग एवं ब्याख्या गर्दै आइरहेको बिषय आफैमा न्यायिक बिषय हुन आयो । सार्वजनिक निकाय आफ्नो आश्वासन एवं वचनवद्धता प्रति सदैव प्रतिवद्ध रहन्छ भन्ने विश्वासमा परी अन्य पक्षबाट कार्य हुने हुदाँ वैध अपेक्षाको सिद्धान्तलाई सार्वजनिक निकायलाई जाँच गर्ने माध्यमको रुपमा समेत प्रयोग भएको अवस्थामा सोलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ड) A person may have a reasonable or legitimate expectation of being treated in a certain way by the administrative authorities owing to some consistent practice in the past or an express promise made by the concerned authority. Therefore, it can be said that this Doctrine of Legitimate Expectation is a form of a check on the administrative authority. When a representation has

been made, the doctrine of legitimate expectation imposes, in essence, a duty on public authority to act fairly by taking into consideration all relevant factors relating to such legitimate expectation. It also adds a duty on the public authority not to act in a way to defeat the legitimate expectation. भन्ने बिषयमा सार्वजनिक निकाय सदैव सचेत हुनुपर्ने नै हुन्छ किनकि सार्वजनिक निकायको आचरण व्यवहार प्रतिवद्धता प्रति सार्वजनिक पदाधिकारी वा निकाय प्रतिबद्ध रहने छ भन्ने कुरामा सम्बन्धित पक्ष विश्वस्त भै सोबमोजिम कार्य गरेको हुन्छ ।

ढ) मध्यस्थबाट निर्णय गर्दा सम्बन्धित कारोवारमा लागु हुने ब्यापारिक प्रचलनहरु ( युसेज) उपर समेत ध्यान दिनुपर्ने भन्ने बिषयलाई मध्यस्थता ऐन, २०५५ ले स्विकार गरिसकेकै अवस्थामा काबु बाहिरको परिस्थितिमा म्याद थप माग गर्ने एवं सोहीका आधारमा म्याद थप दिने अभ्यासलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ण) करार गर्दाको समयमा पक्षहरुले परिकल्पना नगरेको अप्रत्याशित घटनाहरु घटेको अर्थात करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करार परिपालना गर्न असम्भवप्राय भएको अवस्थामा समेत दावीकर्ताबाट करार बमोजिमको दायित्व पुरा गर्ने मनसाय राखेको देखिन आयो । करार बमोजिमको कार्य गर्न तत्पर रहेको दावीकर्तालाई करारको पक्षले आफ्नो तर्फबाट करारको परिपालना गर्न आवश्यक सुविधा दिन पर्नेमा प्रत्यर्थिबाट सुविधा नदिएको बिषयलाई करारको उल्लङ्घन नभएको भन्न सक्ने अवस्था रहेन ।

त) करार उल्लङ्घन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लङ्घनबाट भएको वास्तविक हानि, नोक्सानी भएकोमा सो हानी नोक्सानीको करार परिपालना गर्दा लाग्ने अनुपातमा रकम माग गरेको बिषयलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

थ) यसरी मुल सम्झौताको अधिनमा रहि विभिन्न प्रावधान र Correspondence मा ONT जडान वापत Subsidy प्रदान गर्ने विषय उल्लेख भएको र NTA बाट मिति २०७७/०३/१५ मा लेखिएको पत्रबाट समेत ONT जडान गरे वापतको रकम तिरीने/तिर्नु पर्ने कुरा स्वीकार गरी Package A तथा Package B को छुट्टा-छुटै विवरण खुलाई पेश गर्न भनिए बाट समेत ONT को

काम भएको र जडानको रकम भुक्तानी गर्नु पर्ने विषय र तथ्यमा विवाद रहन सक्दैन । साथै म्याद थपका लागि SUBISU बाट अनुरोध गरिएको सम्वन्धमा NTA बाट मिति २०७७/०७/०२ मा लेखिएको पत्रमा ONT सम्वन्धि कामको Scope रहेको कुरा र सो सम्वन्धि काममा सहमत हुदै सामान्य प्रकृयागत कुरामा सम्म Differ गरेको पाईन्छ । साथै म्याद थप नगर्नु र ONT वापतको रकम भुक्तानी गर्न नसकिने कारणमा NTA ले आफ्नो न्यायीक विवेक प्रयोग नगरी तथा मर्का पर्ने पक्षलाई सफाईको मौका समेत नदिई आफूले एकतर्फि नियुक्ती गरेको परामर्शदाताको प्रतिवेदन र सार्वजनिक खरिद विज्ञको रायको आधार लिई म्याद थप गर्न नसकिने र ONT वापतको Subsidy रकम भुक्तानी गर्न नसकिने भनि NTA ले दिएको कारण र जवाफ (Reason and Response) Contractual Consideration मा हुनु पर्ने सफा मनको प्रयोग नभएकोले यस कुरामा पनि Tribunal सहमत हुन सकेन । साथै प्रत्यर्थीको उक्त कार्य एवं सोही बमोजिमको जिकिर विवन्धन एवं वैद्य अपेक्षको सिद्धान्त प्रतिकुल हुदाँ नियोक्ताको जिकिरसगँ यस मध्यस्थ न्यायधिकरण सहमत हुन सकेन । तसर्थ दावीकर्ताले २३३१५ ONT जडान गरे वापत प्रत्यर्थी नेपाल दुरसंचार प्राधिकरणबाट रु. ११,१९,१२,०००।- (एघार करोड उन्नाइस लाख बाह्र हजार) भराई पाउने ठहर्छ ।

(आ) **दाविकर्ताले लिएको दावी ३,१८,१८५ इन्टरनेट प्वाइन्टको लागी ONT जडान गर्ने म्याद थप नभएको कारणबाट दावीकर्ताले व्यहोर्नुपरेको घाटा वापत क्षतिपूर्तिको रकम रु.३१,८६,८५,०००।- को सम्बन्धमाः-**

क) सन् १७ अक्टुबर २०१७ को सम्झौता को मूल विषय नै परियोजना अन्तर्गत सार्वजनिक निकाय, स्कूल, हेल्थपोष्ट, वडा कार्यालय लगायतका ठाउँहरुमा इन्टरनेट जोड्ने र अन्य व्यक्तिगत घरहरुमा इन्टरनेट प्वाइन्ट Residential Household (ONT) जोड्ने कुरा संग सम्वन्धित छ । परियोजना समाप्त भएपछि मात्र अर्थात इन्टरनेट जोडने कार्य समाप्त भएपछि Residential Household (ONT) जडानको कार्य गर्नुपर्ने भएकोले तदनुरुप सम्झौताको व्यवस्था रहेकोमा परियोजना क्षेत्रमा आएको हावाहुरी र भारी वर्षा भएको कारणले ३ महिना र विश्वब्यापि महामारीको रुपमा फैलिएको कोभिड १९ को कारणले ३ महिना गरी ६ महिना कार्य प्रभावित हुन गएकोले काबु काहिरको

परिस्थितीको सृजना भई निर्धारित समय अवधीमा कार्य सम्पन्न हुने अवस्था नरहेकोले G.C.C को 2.5.3 बमोजिम force majeure का कारण प्रभावित भएको समयको म्याद थप गरिदिन अनुरोध गरी पत्राचार गरेकोमा प्राधिकरणले हावाहुरी र कोभिड १९ को जस्तो विषम परिस्थितीलाई समेत हृदयङ्गम नगरी म्याद थप नगरिदिएको कारणले दावीकर्ताले सम्झौता बमोजिम इन्टरनेट प्वाईन्टको कार्य सम्पन्न गरी ONT जडानको कार्य भने लक्ष्य अनुसार सम्पन्न गर्न नसकी क्षति व्यहोर्नुपरेको कुरालाई नकार्न सकिदैन । प्रत्यर्थिले भने उक्त कार्य सम्पन्न गर्ने म्याद १ वर्ष मात्र बाँकी रहेको र थप १ वर्ष म्याद थप गरेको भनाई राख्नुभएको छ जबकी ONT जडान गर्ने निर्धारित म्याद भने GCC को 6.2 (V) मा ३६ महिना रहेको कुरा स्पष्ट उल्लेख हुँदाहुँदै सो विषयलाई नजरअन्दाज गर्नु न्यायोचित हुने देखिदैन । साथै force majeure को अवस्था र परिस्थितिलाई NTA ले नकारेको पनि देखिदैन ।

ख) काबु बाहिरको परिस्थिति सृजना भई मनासिव आधारकारण सहित म्याद थपका लागी दाविकर्ताले दिएको निवेदन माग बमोजिम न्यायिक मनको प्रयोग गरी प्रत्यर्थीले म्याद थप गरिदिनु पर्नेमा सो नगरेको बिषयलाई नियोक्ताबाट न्यायिक मनको प्रयोग भएको पाइएन । Internet Point जडानमा समयमै म्याद थपको निर्णय नहुँदा Contractual loss हुने कुरालाई स्वीकार गर्न सकिने अवस्था भएकोले क्षतिपुर्ती बापत जडान गर्न बाँकी कामका लागी दावीकर्ताले माग गरेको प्रति ONT को रु. १०००।- को दावीलाई NTA ले अनुचित वा अस्विकार्य भनि आधार र कारण सहित प्रतिवाद एवं खण्डन नगरेको अवस्थामा दावीकर्ताको मागदावी बमोजिम क्षतिपुर्ती बापत जडान गर्न बाँकी कामका लागी दावीकर्ताले माग गरेको बिषयलाई अन्यथा भन्न सक्ने अवस्था समेत रहेन ।

ग) करार गर्दाको समयमा पक्षहरुले परिकल्पना नगरेको अप्रत्याशित घटनाहरु घटेको अर्थात करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करार परिपालना गर्न असम्भवप्राय भएको अवस्थाम समेत दावीकर्ताबाट करार बमोजिमको दायित्व पुरा गर्ने मनसाय राखेको देखिन आयो । करार बमोजिमको कार्य गर्न तत्पर रहेको दावीकर्तालाई करारको पक्षले आफ्नो तर्फबाट करारको परिपालना गर्न आवश्यक सुविधा दिन पर्नेमा प्रत्यर्थिबाट सुविधा नदिएको बिषयलाई करारको उल्लङ्घन नभएको भन्न सक्ने अवस्था रहेन ।

घ) करार उल्लङ्घन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लङ्घनबाट भएको वास्तविक हानि, नोक्सानी भएकोमा सो हानी नोक्सानीको करार परिपालना गर्दा लाग्ने अनुपातमा रकम माग गरेको बिषयलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ङ) तसर्थ दावीकर्ताको माग बमोजिम प्रति ONT को रु.१०००।- का दरले क्षतिपुर्ति भराइदिन न्यायोचित नै देखिने भएता पनि दावीकर्ताले दावी गरेको पुरै ONT ३,१८,६८५ को क्षतिपुर्ति भराउने वा नभराउने भन्ने तर्फ विचार गर्दा उक्त कार्यका लागी श्रम, साधन, श्रोत एवं समयको प्रयोग नभईसकेको अवस्थाका साथै दावीकर्ताले माग गरेको समय प्राप्त भएको अवस्थामा समेत सम्पुर्ण कार्य सम्पन्न हुने वा सवै घर धुरीले ONT जडान गर्दछन भन्ने विश्वसनिय आधार नहुदाँ सम्झौताको अवधीको अन्त्य पुर्व सम्पन्न भएको कार्य एवं जडान भएको ONT को अनुपातमा दावीकर्ताले दावी गरेको घरधुरी मध्ये ५०% ले काम हुन सक्ने अवस्थाको विद्यमानता देखिदा सो बमोजिम ह्ने १,५९,३४२ घर धुरीको प्रति ONT रु १,०००।- का दरले एकमुष्ठ हुन आउने रकम जम्मा रु. १५,९३,४२,०००।-(पन्ध्र करोड त्रियानब्बे लाख बयालिस हजार) क्षतिपुर्ति रकम Contractual Consideration को सिद्धान्त बमोजिम प्रत्यर्थी NTA बाट दावीकर्ताले भुक्तानी पाउने ठहर्छ ।

**(इ) दावीकर्ताले लिएको दावी बमोजिम रकम भुक्तानी गर्न ढिलाई गरे वापत SCC को ६.२ बमोजिम ५ प्रतिशत ब्याजको दरले हुन आउने रु.५६९५,६००।- को सम्बन्धमा :-**

क) दुवैपक्ष विच सम्पन्न सम्झौताको व्याख्या मुताविक दावीकर्ता ठेकेदारले सम्पन्न गरेको कामको भुक्तानी पाउन ढिलाई हुन गए वापत ब्याज दावी गरेको छ भने दावी बमोजिम रकम नै भुक्तानी गर्न नपर्ने अवस्थामा व्याज तिर्नु पर्ने होइन भनी प्रत्यर्थी प्राधिकरण यसबारे मौन रहेको देखिन्छ ।

ख) पाउनु पर्ने भुक्तानी ढिला प्राप्त गरेको साथै भुक्तानी दिन पर्ने रकम समयमा भुक्तान गर्न नसकेको बिषयमा ब्याज रकम दावी गर्ने एवं भराइदिने बिषय सार्वजनिक खरिद नियमावली, २०६४ एवं मुलुकी देवानी संहिता, २०७४ ले समेत स्पष्ट ब्यवस्था गरेको अवस्थामा भुक्तानी दिन पर्ने रकम भुक्तानी गर्न ढिलाई गरेको हुदाँ सम्झौताको SCC को ६.२ बमोजिम ५ प्रतिशत ब्याज लाग्ने स्पष्ट ब्यवस्था हुदाँ २३३१५ ONT जडान गरे वापत प्रत्यर्थी नेपाल दुरसंचार

प्राधिकरणबाट भराई पाउन माग गरेको रु. ११,१९,१२,०००।- को ५ प्रतिशतले हुन आउने रकम रु. ५६,९५,६००।- ब्याज बापत दावीकर्ताले प्रत्यर्थि NTA बाट भराई पाउने नै देखिन आयो ।

**(ई) दावीकर्ताले दावी गर्दा लागेको कानून व्यवशायीको पारिश्रमीक तथा मध्यस्थतामा लागेको खर्च प्रत्यर्थीवाट भराई पाउने वा नपाउने सम्बन्धमाः-**

क) प्रस्तुत विवादमा Arbitration को प्रकृया भन्दा अगाडीको खर्च र आ-आफ्नो तर्फबाट आफ्नो हित र पक्षमा गरेका विभिन्न खर्चको Justification Tribunal बाट निर्धारण हुन नसक्ने र मध्यस्थाको प्रकृया शुरु भए पछि आ-आफ्नो कानून व्यवशायीको पारिश्रमीक आफैले व्यहोर्नु पर्ने नै हुन्छ साथै सम्झौतानुसारको विवाद दुवै पक्ष रहेको सम्झौताबाट नै उत्पन्न भएको अवस्था हुदाँ मध्यस्थ सम्वद्ध खर्च एकतर्फि भराउनु मनासिव देखिएन । मध्यस्थतामा लागेको खर्च एवं अन्य प्रशासनिक खर्च समेत दुबै पक्षबाट आधा आधा दाखिला भैसकेको र आ-आफ्नो खर्च आफैले व्यहोरेकाले यो विषयमा थप केहि बोलीरहनु परेन ।

**(II) दावीकर्ताले लिएको दावीको *Package B* अन्तर्गतको दावी सम्बन्धमाः-**

**(अ) दावीकर्ता कम्पनीले २८,९९५ ONT जडान गरे वापत प्रधिकरणबाट माग गरिएका रकम रु. १७,६२,८९,६००।- भुक्तानी सम्बन्धमाः**

क) दावीकर्ताले २८९९५ ONT जडान गरे वापत प्रधिकरणबाट माग गरिएको रकम रु. १७,६२,८९,६००।- भुक्तानी माग गरेको र प्रत्यर्थि प्राधिकरणले आफ्नो प्रतिवाद, बहसनोट एवं छलफलको क्रममा समेत दावीकर्ताले कानून र सम्झौता विपरित ONT जडानको रकम माग गरेको हुँदा खारेज गरिपाउँ भन्ने जिकिर लिएतापनि सम्झौतामा GCC को प्रकरण नं. 6.2 (V) मा ONT जडान गर्ने र त्यस वापतको रकम भुक्तानी गर्नुपर्ने सम्बन्धमा सम्झौतामा स्पष्ट उल्लेख गरेको देखिन्छ । करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको आ-आफ्नो दायित्व पूरा गर्नुपर्नेछ भन्ने करार सम्वन्धी आधारभुत सिद्धान्त हो । प्रस्तुत करारिय विवादमा Agreement must be honoured भन्ने मान्य सिद्धान्त समेतका आधारमा सम्झौता पालना गर्नु दुवै पक्षको कर्तव्य हुन आउँछ ।

ख) सम्झौताको अभिन्न अगं SCC र GCC को प्रकरण नं. 6.2(v) मा ONT वापतको रकम Subsidy को रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा प्रदेश

नं. २ मा तत्कालित अवस्थामा आएको भिषण हावाहुरी र वर्षाको कारणले ONT जडान कार्य प्रभावित भएको र विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ साथै काबुबाहिरको परिस्थितिको कारण सम्झौतानुसारको कार्यमा प्रभावित हुन गएको अवस्थामा उक्त प्रभावित समयको म्याद थपको लागी दावीकर्ताबाट पत्राचार गरेकोमा प्राधिकरणले म्याद थप नगरिदिएको अवस्था देखिन्छ । काबू बाहिरको परिस्थितिका साथै अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकारप्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्नेछ भन्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा व्यवस्था छ भने म्याद थपको लागी खुलाइएको कारण मनासिब देखिएमा सो को कारण खुलाई म्याद थप गर्न सक्नेछ भन्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा रहेको छ । सम्झौताको अवधि थप गर्ने मनासिव कारण भएमा म्याद थप गरि सम्झौतानुसारको कार्य सम्पन्न गर्न नियोक्ताले सुविधा दिन पर्नेमा सो नगरेको अवस्था आफैमा न्याय, सद्धविवेक, समन्याय *(Justice, Equity and Good Conscience)* को प्रयोग भएको देखिएन । प्रस्तुत विवादमा काबु बाहिरको परिस्थितिको सृजना भई लक्ष्य अनुसार Residential Household ONT जडान गर्न नसकेको अवस्थामा मनासिब आधार कारण सहित म्याद थपका लागी निवेदन गर्दा समेत म्याद थप गरि सम्झौतानुसारको कार्य सम्पन्न गर्ने तदारुकता नदेखाएको अवस्थामा सोको कारणबाट दावीकर्तालाई पुग्न गएको आर्थीक हानी नोक्सानी एवं सोको क्षतिपूर्ति समेत माग गर्नु प्रचलित कानून एवं सम्झौताको व्यवस्था बमोजिम नै रहेको देखिन्छ ।

ग) सम्झौताको GCC को प्रकरण नं. 6.2(v) मा ONT को कामका सम्बन्धमा अनुदान दिने बारे स्पष्ट उल्लेख भएकोमा Broadband वापतको रकम मात्र उपलब्ध गराएको प्रमाण कागजबाट प्रमाणित हुन्छ । ONT जडान सम्बन्धमा ३६ महिनाको अवधि तोकेकोमा GCC को 2.5 को अवस्था उत्पन्न भई कावु वाहिरको परिस्थिती परी करारको परिपालना गर्न असमर्थ भई म्याद थपको लागी अनुरोध गर्दा समेत म्याद थप थप नगरेको अवस्थालाई मनासिव मान्न मिलेन ।

घ) मुलुकी देवानी संहिता २०७४ को दफा ५३२ मा करार परिपालनाका सम्बन्धमा करारको पक्षले सुविधा दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ भने मुलुकी ऐन,

सार्वजनिक खरिद ऐन, सार्वजनिक नियमावली तथा अन्य प्रचलित कानूनले समेत Force Majeure सम्वन्धि मान्य सिद्धान्तलाई अगिंकार गरेको अवस्थामा नियोक्ताबाट लिइएको प्रतिवाद एवं जिकिरलाई मनासिव मान्न सकिएन ।

ङ) कुनै पनि सम्झौताकर्ताले सामान्य अवस्थामा सम्झौता गर्दा सामान्य अवस्था कायमै रहला भन्ने विश्वासमा परि सम्झौता गर्दछ भन्ने सम्झौताको आधारभुत सिद्धान्त हो । सम्झौता गर्दाका बखत करारको पक्षले पुर्वानुमान गर्न नसकेको घटना सम्झौता कार्यान्वयनको सिलसिलामा देखापर्छ भने सो अवस्थाका कारण सम्झौता परिपालना असम्भव भएको बिषय करार सम्झौताको पक्षले पुर्नविचार गर्नै पर्ने हुन्छ किनकि काबु बाहिरको परिस्थिति न कुनै पक्षको कारण उत्पन्न हुन्छ न त कसैले चाहदैमा नियन्त्रण नै हुन्छ ।

च) कोभिड १९ को उत्पत्ति पछि सोले विश्वभर पारेको प्रभावको बिषयलाई संसारभर बडो गंभिरतापूर्वक लिएको अवस्था छ । नेपालको सर्वोच्च अदालतबाट उक्त काबु बाहिरको परिस्थितिलाई शुन्य समय समेत घोषित गरेको अवस्था थियो । अन्य देशले समेत विभिन्न आज्ञा आदेश कानून एवं अदालती ब्याख्याकृ माध्यमबाट Outbreak of COVID-19 pandemic and subsequent lockdown, prohibitory order was completely beyond the reasonable control of the Contractor and qualifies as an unforeseeable special circumstance under the Contract. भनि सम्झौताको क्षेत्रमा पारेको अवस्थालाई समेत मध्यनजर गरी उक्त महामारीलाई संबोधन गरेको अवस्था छ ।

छ) बाणिज्य विधिशास्त्रमा सम्झौता गर्दाको परिस्थितिमा आधारभुत परिवर्तन Doctrine of changed circumstances (*clausula rebus sic stantibus*) लाई सर्वस्वीकार्य सिद्धान्तको रुपमा लिएको पाइन्छ जसलाई प्रस्तुत मुद्दामा समेत अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ज) नियोक्ता प्राधिकरण स्वयं आफैले RFA को Clarification (IFA No.05/NTA /2073/74) मा As per RFA, NTA will provide subsidy as per ONT; the SLO can claim its subsidy once after every 30,000 subscriber and we think this number is too huge and recomended to reduce the number upto 1000 भन्ने Queries मा

NTA will provide subsidy as per ONT; the SLO can claim its subsidy once after every 5000 subscriber भनि NTA ले निर्दिष्ट (Confirm) गरेको ONT दावीकर्ताले जोडनुपर्ने प्रतिबद्धता र वाध्यता समेतको आधारमा दुवैपक्ष विच व्यवहार, आचरण एवं लिखित रुपमा समेत स्वीकार गरेको बिषय र सोही आधारमा प्रतिफल समेत प्राप्त गरेको अवस्थामा विवाद उत्पन्न भएपश्चात ONT सम्बन्धी कुनै व्यवस्था नै छैन भन्नुबाट प्रत्यर्थि NTA आफ्नै भनाई र लेखाईबाट समेत विवन्धित रहने बिषय स्पष्ट छ ।

झ) दावीकर्ताले पेश गरेको दावी र नियोक्ताबाट पेश गरेको प्रतिवाद, सम्झौता र विशेष गरी GCC को प्रकरण नं. 6.2(v) मा पुरा भएको ब्रान्ड ब्यान्ड नेटवर्क कनेक्टिभिटीको अनुदान, भुक्तानी र ONT सम्वद्ध अनुदान सम्वद्ध रहेको र सो बिषयमा सम्झौताका दुवै पक्षहरु विच भएको पत्राचार एवं निर्णय समेतले पुष्टि गरेको अवस्था छ । मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा RFA को GCC को प्रकरण नं. 6.2 सम्वन्धमा स्पष्टिकण सहितको संसोधन साथै पुरक सम्झौता सरह देखिन आउछ किनकि SCC को प्रकरण नं. 6.2 ले SLO लाई अनुदान भुक्तानीको शर्तहरुलाई अझ बढी स्पष्ट र परिमार्जन गरेको र GCC को प्रकरण नं. 6.2 लाई हटाईएको वा प्रतिस्थापन गरेको भन्ने देखिन आउदैन । त्यसैले यसलाई पुरक स्पष्टिकरण पेश गरेको पर्याप्त आधार देखिएको साथै GCC को खण्डलाई प्रतिस्थापन नगरेको मान्न मनासिव देखिन आयो ।

ञ) दावीकर्ता एवं नियोक्ता विच भएका पत्राचारहरु, निर्णयहरु जस्तै १७ अगष्ट, २०१७, १६ अक्टुवर, २०१७ बाट समेत ONT Subsidy स्वीकार गरेको देखिदाँ ONT सम्वन्धित SLO को अनुवन्धात्मक दायित्वको एक हिस्सा भएको र उक्त हिस्सा सम्झौताको बाध्यात्मक व्यवस्थाकै रुपमा लिन पर्ने देखिन आयो ।

ट) कुनै बिषय स्वीकार गर्ने सम्वन्धमा सार्वजनिक निकायबाट लिखित एवं आचरणबाट पुष्टि हुने अवस्था आएमा एकातर्फ सो कार्यबाट उक्त निकाय विवन्धित रहन्छ भने अर्कोतर्फ सोही आधारमा अर्कोपक्षले सार्वजनिक निकायबाट भए गरेको काम ब्यवहार आचरण एवं लिखत अनुसार स्वीकार गरेको बिषयमा सोही बमोजिमको निरन्तरता हुने वैद्य अपेक्षा राखि आफ्नो ब्यवहार कारोवार नियमित गरेको हुन्छ । सो सम्बन्धमा ने.का.प. २०७२ अकं १० नि.नं. ९२६० मा वैध अपेक्षा (Legitimate Expectations) को सिद्धान्त आकर्षित हुन

सामान्यतया सार्वजनिक निकाय वा पदाधिकारीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट कुनै काम गर्ने वा नगर्ने वचनबद्धता वा आश्वासन लिखित वा मौखिकरूपमा व्यक्त गरेको हुनुपर्दछ । त्यस्तो आश्वासन वा वचनबद्धताप्रति सार्वजनिक पदाधिकारी वा निकाय प्रतिबद्ध रहने छ भन्ने कुरामा सम्बन्धित पक्ष विश्वस्त भै सोबमोजिम कार्य गरेको हुनुपर्ने भनि सर्वोच्च अदालतबाट समेत सिद्धान्त प्रतिपादन भएको छ । परिप्रेक्ष्यमा नियोक्ताको पत्राचार लिखत एवं आचरणबाट विश्वस्त भई दावीकर्ताबाट सोही बमोजिम भए गरेको कार्यलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ठ) वैध अपेक्षाको सिद्धान्तलाई न्यायिक एवं अर्धन्यायिक निकायले व्यापक रुपमा प्रयोग एवं व्याख्या गर्दै आइरहेको बिषय आफैमा न्यायिक विषय हुन आयो । सार्वजनिक निकाय आफ्नो आश्वासन एवं वचनवद्धता प्रति सदैव प्रतिवद्ध रहन्छ भन्ने विश्वासमा परी अन्य पक्षबाट कार्य हुने हुदाँ वैध अपेक्षाको सिद्धान्तलाई सार्वजनिक निकायलाई जाँच गर्ने माध्यमको रुपमा समेत प्रयोग भएको अवस्थामा सोलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ड) A person may have a reasonable or legitimate expectation of being treated in a certain way by the administrative authorities owing to some consistent practice in the past or an express promise made by the concerned authority. Therefore, it can be said that this Doctrine of Legitimate Expectation is a form of a check on the administrative authority. When a representation has been made, the doctrine of legitimate expectation imposes, in essence, a duty on public authority to act fairly by taking into consideration all relevant factors relating to such legitimate expectation. It also adds a duty on the public authority not to act in a way to defeat the legitimate expectation. भन्ने बिषयमा सार्वजनिक निकाय सदैव सचेत हुनुपर्ने नै हुन्छ किनकि सार्वजनिक निकायको आचरण व्यवहार प्रतिवद्धता प्रति सार्वजनिक पदाधिकारी वा निकाय प्रतिबद्ध रहने छ भन्ने कुरामा सम्बन्धित पक्ष विश्वस्त भै सोबमोजिम कार्य गरेको हुन्छ ।

ढ) मध्यस्थबाट निर्णय गर्दा सम्बन्धित कारोवारमा लागु हुने ब्यापारिक प्रचलनहरु ( युसेज) उपर समेत ध्यान दिनुपर्ने भन्ने बिषयलाई मध्यस्थता ऐन, २०५५ ले स्विकार गरिसकेकै अवस्थामा काबु बाहिरको परिस्थितिमा म्याद थप माग गर्ने एवं सोहीका आधारमा म्याद थप दिने अभ्यासलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ण) करार गर्दाको समयमा पक्षहरुले परिकल्पना नगरेको अप्रत्याशित घटनाहरु घटेको अर्थात करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करार परिपालना गर्न असम्भवप्राय भएको अवस्थाम समेत दावीकर्ताबाट करारबमोजिमको दायित्व पुरा गर्ने मनसाय राखेको देखिन आयो । करार बमोजिमको कार्य गर्न तत्पर रहेको दावीकर्तालाई करारको पक्षले आफ्नो तर्फबाट करारको परिपालना गर्न आवश्यक सुविधा दिन पर्नेमा प्रत्यर्थिबाट सुविधा नदिएको बिषयलाई करारको उल्लङ्घन नभएको भन्न सक्ने अवस्था रहेन ।

त) करार उल्लङ्घन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लङ्घनबाट भएको वास्तविक हानि, नोक्सानी भएकोमा सो हानी नोक्सानीको करार परिपालना गर्दा लाग्ने अनुपातमा रकम माग गरेको बिषयलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

थ) यसरी मुल सम्झौताको अधिनमा रहि विभिन्न प्रावधान र Correspondence मा ONT जडान वापत Subsidy प्रदान गर्ने विषय उल्लेख भएको र NTA बाट मिति २०७७/०३/१५ मा लेखिएको पत्रबाट समेत ONT जडान गरे वापतको रकम तिरीने/तिर्नु पर्ने कुरा स्वीकार गरी Package A तथा Package B को छुट्टा-छुटै विवरण खुलाई पेश गर्न भनिए बाट समेत ONT को काम भएको र जडानको रकम भुक्तानी गर्नु पर्ने विषय र तथ्यमा विवाद रहन सक्दैन । साथै म्याद थपका लागि SUBISU बाट अनुरोध गरिएको सम्वन्धमा NTA बाट मिति २०७७/०७/०२ मा लेखिएको पत्रमा ONT सम्वन्धि कामको Scope रहेको कुरा र सो सम्वन्धि काममा सहमत हुदै सामान्य प्रकृयागत कुरामा सम्म Differ गरेको पाईन्छ । साथै म्याद थप नगर्नु र ONT वापतको रकम भुक्तानी गर्न नसकिने कारणमा NTA ले आफ्नो न्यायीक विवेक प्रयोग नगरी तथा मर्का पर्ने पक्षलाई सफाईको मौका समेत नदिई आफूले एकतर्फि

कार्य सम्पन्न गर्ने म्याद १ वर्ष मात्र बाँकी रहेको र थप १ वर्ष म्याद थप गरेको भनाई राख्नुभएको छ जबकी ONT जडान गर्ने निर्धारित म्याद भने GCC को 6.2 (V) मा ३६ महिना रहेको कुरा स्पष्ट उल्लेख हुँदाहुँदै सो विषयलाई नजरअन्दाज गर्नु न्यायोचित हुने देखिदैन । साथै force majeure को अवस्था र परिस्थितिलाई NTA ले नकारेको पनि देखिदैन ।

ख) काबु बाहिरको परिस्थिति सृजना भई मनासिव आधारकारण सहित म्याद थपका लागी दाविकर्ताले दिएको निवेदन माग बमोजिम न्यायिक मनको प्रयोग गरी प्रत्यर्थीले म्याद थप गरिदिनु पर्नेमा सो नगरेको बिषयलाई नियोक्ताबाट न्यायिक मनको प्रयोग भएको पाइएन । Internet Point जडानमा समयमै म्याद थपको निर्णय नहुँदा Contractual loss हुने कुरालाई स्वीकार गर्न सकिने अवस्था भएकोले क्षतिपुर्ती बापत जडान गर्न बाँकी कामका लागी दावीकर्ताले माग गरेको प्रति ONT को रु. १०००।- को दावीलाई NTA ले अनुचित वा अस्विकार्य भनि आधार कारण सहित प्रतिवाद एवं खण्डन नगरेको अवस्थामा दावीकर्ताको मागदावी बमोजिम क्षतिपुर्ती बापत जडान गर्न बाँकी कामका लागी दावीकर्ताले माग गरेको बिषयलाई अन्यथा भन्न सक्ने अवस्था समेत रहेन ।

ग) करार गर्दाको समयमा पक्षहरुले परिकल्पना नगरेको अप्रत्याशित घटनाहरु घटेको अर्थात करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करार परिपालना गर्न असम्भवप्राय भएको अवस्थाम समेत दावीकर्ताबाट करारबमोजिमको दायित्व पुरा गर्ने मनसाय राखेको देखिन आयो । करार बमोजिमको कार्य गर्न तत्पर रहेको दावीकर्तालाई करारको पक्षले आफ्नो तर्फबाट करारको परिपालना गर्न आवश्यक सुविधा दिन पर्नेमा प्रत्यर्थिबाट सुविधा नदिएको बिषयलाई करारको नभएको भन्न सक्ने अवस्था रहेन ।

घ) करार उल्लङ्घन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लङ्घनबाट भएको वास्तविक हानि, नोक्सानी भएकोमा सो हानी नोक्सानीको करार परिपालना गर्दा लाग्ने अनुपातमा रकम माग गरेको बिषयलाई अन्यथा भन्न सक्ने अवस्था रहेन ।

ङ) तसर्थ दावीकर्ताको माग बमोजिम प्रति ONT को रु.१०००।- का दरले क्षतिपुर्ति भराइदिन न्यायोचित नै देखिने भएता पनि दावीकर्ताले दावी गरेको पुरै ONT २,९९,००५ को क्षतिपुर्ति भराउने वा नभराउने भन्ने तर्फ विचार गर्दा उक्त

कार्यका लागी श्रम, साधन, श्रोत एवं समयको प्रयोग नभईसकेको अवस्थाका साथै दावीकर्ताले माग गरेको समय प्राप्त भएको अवस्थामा समेत सम्पुर्ण कार्य सम्पन्न हुने वा सवै घर धुरीले ONT जडान गर्दछन भन्ने विश्वसनिय आधार नहुदाँ सम्फौताको अवधीको अन्त्य पुर्व सम्पन्न भएको कार्य एवं जडान भएको ONT को अनुपातमा दावीकर्ताले दावी गरेको घरधुरी मध्ये ५०% ले काम हुन सक्ने अवस्थाको विद्यमानता देखिदा सो बमोजिम हुने १,४९,५०२ घर धुरीको प्रति ONT रु १,०००।- का दरले एकमुष्ठ हुन आउने रकम जम्मा रु. १४,९५,०२,०००।- (चौध करोड पन्चानब्बे लाख दई हजार) क्षतिपुर्ति रकम Contractual Consideration को सिद्धान्त बमोजिम प्रत्यर्थी NTA बाट दावीकर्ताले भुक्तानी पाउने ठहर्छ ।

**(इ) दावीकर्ताले लिएको दावी बमोजिम रकम भुक्तानी गर्न ढिलाई गरे वापत SCC को ६.२ बमोजिम ५ प्रतिशत व्याजको दरले हुन आउने रु. ८८,१४,४८०।- सम्बन्धमाः-**

क) दुवैपक्ष विच सम्पन्न सम्फौताको व्याख्या मुताविक दावीकर्ता ठेकेदारले सम्पन्न गरेको कामको भुक्तानी पाउन ढिलाई हुन गए वापत ब्याज दावी गरेको छ भने दावी बमोजिम रकम नै भुक्तानी गर्न नपर्ने अवस्थामा व्याज तिर्नु पर्ने होइन भनी प्रत्यर्थी प्राधिकरण यसबारे मौन रहेको देखिन्छ ।

ख) पाउनु पर्ने भुक्तानी ढिला प्राप्त गरेको साथै भुक्तानी दिन पर्ने रकम समयमा भुक्तान गर्न नसकेको बिषयमा ब्याज रकम दावी गर्ने एवं भराइदिने बिषय सार्वजनिक खरिद नियमावली, २०६४ एवं मुलुकी देवानी संहिता, २०७४ ले समेत स्पष्ट ब्यवस्था गरेको अवस्थामा भुक्तानी दिन पर्ने रकम भुक्तानी गर्न ढिलाई गरेको हुदाँ भुक्तानी दिन ढिलाई गरेको अवस्थामा सम्फौताको SCC को ६.२ बमोजिम ५ प्रतिशत ब्याज लाग्ने स्पष्ट ब्यवस्था हुदाँ २८,९९५ ONT जडान गरे वापत प्रत्यर्थी नेपाल दुरसंचार प्राधिकरणबाट भराई पाउन माग गरेको रु. १७,६२,८९,६००।- को ब्याज रकम रु. ८८,१४,४८०।- दावीकर्ताले प्रत्यर्थि NTA बाट भराई पाउने नै देखिन आयो ।

**(ई) दावीकर्ताले दावी गर्दा लागेको कानून व्यवशायीको पारिश्रमीक तथा मध्यस्थतामा लागेको खर्च प्रत्यर्थीवाट भराई पाउने वा नपाउने सम्बन्धमाः-**

क) प्रस्तुत विवादमा Arbitration को प्रकृया भन्दा अगाडीको खर्च र आ-आफ्नो तर्फबाट आफ्नो हित र पक्षमा गरेका विभिन्न खर्चको Justification

Tribunal बाट निर्धारण हुन नसक्ने र मध्यस्थाको प्रकृया शुरु भए पछि आ-आफ्नो कानून व्यवशायीको पारिश्रमीक आफैले व्यहोर्नु पर्ने नै हुन्छ साथै सम्झौतानुसारको विवाद दुवै पक्ष रहेको सम्झौताबाट नै उत्पन्न भएको अवस्था हुदाँ मध्यस्थ सम्वद्ध खर्च एकतर्फि भराउनु मनासिव देखिएन । मध्यस्थतामा लागेको खर्च एवं अन्य प्रशासनिक खर्च समेत दुबै पक्षबाट आधा आधा दाखिला भैसकेको र आ-आफ्नो खर्च आफैले व्यहोरेकाले यो विषयमा थप केहि बोलीरहनु परेन ।

१३. अतः माथिका विभिन्न प्रकरणहरुमा उल्लेख भए बमोजिम दावीकर्ताको आशिंक दावी पुग्ने गरी मध्यस्थ न्याधिकरणले प्रस्तुत निर्णय (Award) प्रदान गरेको छ । मध्यस्थ समक्ष पेश गरेको प्रस्तुत दावीको लगत कट्टा गरी तपसिलमा उल्लेख भए बमोजिम गर्नु :

**तपसिल**

(क) *Package A* र *Package B* को विभिन्न दावी वापत दावीकर्ता सुबिसु केवल नेटवर्क प्रा.ली. ले जम्मा (११,१९,१२००० + १५,९३,४२,००० + ५६,९५,६०० + १७,६२,८९,६०० + १४,९५,०२,००० + ८८१४४८०) गरि एकमुष्ठ हुन आउने रकम रु ६१,१५,५५,६८०।- ( अक्षरुपी एकसट्ठि करोड पन्ध्र लाख पचपन्न हजार छ सय सय असी रुपैया) प्रत्यर्थीवाट भराई पाउने ठहर्छ ।

(ख) मध्यस्थ ट्राईवुनलको मिति २०७७।०९।२८ मा भएको आदेश वमोजिम प्रत्येक पक्षले आ-आफ्नो तर्फवाट मध्यस्थताको खर्च वापतको रकम दाखिल गरिसकेको हुँदा सो सम्वन्धमा केही वोलिरहनु परेन ।

(ग) मध्यस्थता ऐन, २०५५ को दफा ३१ वमोजिम यो निर्णय (Award) प्रदान गरिएको मितिले ४५ दिनभित्र पक्षहरु आफैले यो निर्णय कार्यान्वयन गर्नु पर्नेछ । उक्त कार्यान्वयन गर्नुपर्ने समयावधिसम्म उक्त रकममा कुनै व्याज नलाग्ने तर सो अवधि ब्यतिथ भएपश्चात निर्णयवाट भरि पाउने ठहरेको रकमको भरिपाउने समयसम्मको वार्षिक १० प्रतिशतका दरले दावीकर्ताले व्याज भराई लिन पाउने ।

(घ) यो निर्णय भएको मितिले ४५ (पैंतालीस) दिन भित्र यो निर्णयको कार्यान्वयन नभएमा मध्यस्थता ऐन, २०५५ को दफा ३२ वमोजिम सो म्याद नाघेको ३० दिन भित्र सम्वन्धित पक्षले सम्वन्धित जिल्ला अदालतमा निवेदन गरी निर्णय कार्यान्वयन गराउन सक्नेछ ।

(ङ) यो निर्णयमा कुनै गणितीय, छपाई, टाईपिङ्ग वा यस्तै प्रकृतिका सानातिना त्रुटी भएको पाईएमा सो सच्याउन मध्यस्थता ऐन, २०५५ को दफा २९(२) वमोजिम यो निर्णय प्राप्त गरेको ३० दिन भित्र मध्यस्थ ट्राईवुनल समक्ष निवेदन दिन सकिनेछ ।

(च) यो निर्णय पक्षहरुलाई सुनाई पक्षहरुले सुनी पाएको निस्सा मिसिल संलग्न गर्ने र यस निर्णयको एक-एक प्रति सम्वन्धित पक्षहरुलाई निःशुल्क उपलव्ध गराउने ।

(छ) मध्यस्थताको मुकाम समेत काठमाडौं जिल्ला अर्न्तगत पर्ने भएकोले प्रस्तुत निर्णय सहितको रेकर्ड मिसिल सुरक्षित राख्न (अभिलेखका लागी) मध्यस्थता ऐन, २०५५ को दफा ४२(२) वमोजिम प्रस्तुत मिसिल काठमाडौं जिल्ला अदालतमा वुझाउनु ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| उदय नेपाली श्रेष्ठ | सुनिल ढुङ्गेल | संजीव कोइराला |
| मुख्य मध्यस्थ | मध्यस्थ | मध्यस्थ |

ईति सम्वत् २०७८ साल भाद्र महिना १६ गते रोज शुभम् ....५..............................।